नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.......................................... शाखा)

सिंहदरबार, काठमाण्डौ

प.सं. :

च.नं. :

## प्रेस विज्ञप्ति

माननीय कानून,न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्र प्रसाद बडू र नेपालका लागि संयुक्त अरब इमिरेट्सका महामहिम राजदूत Mr. Saeed Hamdan Al-Naqbi बीच २०७८ साल पौष १४ गते बुधबार कानून,न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

शिष्टाचार भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले नेपाल र संयुक्त अरब इमिरेट्स बीच प्रगाढ सम्बन्ध रहेको कुरा उल्लेख गर्दै पछिल्ला दिनहरुमा दुई देश बीच सहयोग र समन्वयको क्षेत्रमा बढोत्तरी हुँदै गएको धारणा व्यक्त गर्नुभयो ।संयुक्त अरब इमिरेट्सले विगत पाँच दशकमा स्वास्थ्य, शिक्षा, यातायात, अन्तरिक्ष क्षेत्र, वातावरण र नवीकरणीय उर्जा साथै नवप्रवर्तनको क्षेत्रमा हासिल गरेको उपलब्धीका लागि बधाइ ज्ञापन गर्दै नेपालको आर्थिक, सामाजिक तथा कोभिड – १९ संकट व्यवस्थापनका सम्बन्धमा संयुक्त अरब इमिरेट्सको सहयोग र सहकार्यका लागि तथा झण्डै २५०,००० नेपाली नागरिकहरु संयुक्त अरब इमिरेट्समा रहेको र उनीहरुको बसाईलाई अनुकूल वातावरण समेत रहेकोमा धन्यवाद दिँदै आउँदा दिनमा सहयोगको निरन्तरताको अपेक्षा व्यक्त गर्नुभयो । संयुक्त अरब इमिरेट्सको दुबई कारागारमा रहेका नेपाली नागरिक अमर बमको रिहाईका लागि नेपाल सरकारका तर्फबाट पटक पटक भई रहेको पत्राचार बारे स्मरण गराउँदै यस कार्यमा सहयोगका निमित्त समेत माननीय मन्त्रीज्यूले आग्रह गर्नुभयो ।

भेटको क्रममा महामहिम राजदूतज्यूले बहुपक्षीय व्यापार, बहुपक्षीय सहयोग र विविध क्षेत्रमा हुने लगानीका विषयमा सहकार्य र समन्वय गर्न संयुक्त अरब इमिरेट्स सदैव तत्पर रहेको धारणा व्यक्त गर्नुभयो ।संयुक्त अरब इमिरेट्समा धेरै संख्यामा रोजगारीका लागि नेपालीहरु रहेको व्यहोरा उल्लेख गर्दै भविष्यमा अझै धेरै जनशक्ति आवश्यक रहेको र यसका लागि दुई देशले विविध विषयमा आपसी सम्झौता र सहकार्य गर्नु पर्ने र संयुक्त अरब इमिरेट्सले सदैव सहकार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

मिति २०७८।०९।१६

(कमलराज गौतम)

उप सचिव एवम् सहायक प्रवक्ता

फोन नं.: ०१-४२००२२५, ४२११९७४, ४२११९८७, फ्याक्स नं. ०१-४२११६८४ इमेल: infolaw@moljpa.gov.np